तानसेन नगरकार्यपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नम्बर प्रदेश, तानसेन, पाल्पा

पत्र संख्या : ०७९।०८०
च.नं. 580

फोन नं. ०७५ ५ २०१०९
मिति २०७९।८।५
२०७९।८।५

## विषय: विद्यालयको लेखापरिक्षण गर्न सूचीकृत हुने बारेको सूचना ।

उपरोक्त विषयमा यस नगरपालिका भित्र रहेका विद्यालयहरुको आ.व.२०७८।०७९ को प्रचलित नियमानुसार लेखापरिक्षण गर्नु पर्ने भएकोले तोकिएका विद्यालयका श्रेस्ताहरुको लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकमा सूचिकृत हुन चाहने व्यक्ती वा फर्मले तपसीका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रु. १०००। (अक्षेरुपी एक हजार रुपैया मात्र) यस कार्यालयको खाता रहेको राष्ट्रिय बाणिज्यबैंक पाल्पा शाखाको खाता नं. ३०३०१००३०१०१०००४ मा जम्मा गरेको संक्कलै बैक भौचर वा ता.न.पा. राजश्व शाखाबाट नगदि रसिद काटी सोको सक्कलै प्रति संलग्न गरी निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु :**

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, फर्मको हकमा फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(२) लेखापरिक्षण प्रमाण पत्रको नवीकरण भएको प्रतिलिपि ।
(३) स्थाई लेखा (पान नं.) को प्रमाणित प्रतिलिपि ।
(४) आ.व. २०७८।०७९ को कर चुक्ताको प्रमाण पत्र ।
(५) सरकारी तथा गैह सरकारी संस्थामा वहालवाला कर्मचारी तथा शिक्षकको हकमा विभागीय स्वीकृति पत्र ।

निवेदन दिने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सम्म निवेदन दर्ता गर्न सकिने छ । साथै केही कुराको दुविधा भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुने छ ।

२०७९।८।५
कौशल राज घिमिरे
वरिष्ठ अधिकृत
सातौं तह

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
ता.न.पा.सूचना शाखा, आइ.टि.
उल्लेखित सूचना न.पा.को सूचनामा राखि दिनु हुन ।